जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४० म.जि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४० अंक १२ २०७८ साल असोज ३१ गते आइतवार (17 Oct. 2021 Sunday) मूल्य रु. ७/-

श्रमिकहरुको मौलिक अधिकारको सम्मान गरौं,

सबै प्रतिष्ठानहरुले न्यूनतम पारिश्रमिक प्रदान गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

*यस अंक भित्र* – **पृष्ठ २ मा :** नेपाली खाद्य प्रणाली: ... **पृष्ठ ३ मा :** दुई महिना भित्रै राजबिराजका ... **पृष्ठ ४ मा :** स्वास्थ्यमन्त्रीलाई ३० सुझाव: ... **पृष्ठ ५ मा :** अनलाइन सञ्चारमाध्यमबाट पत्रकार ...

## अधुरो सडकहरूलाई एक महिनाभित्र पूर्णता दिने : मन्त्री यादव



**राजविराज**/भौतिक पूर्वधार तथा यातायात मन्त्री रेणु यादवले सप्तरीका अधुरो सडकहरूलाई एक महिनाभित्र पूर्णता दिने प्रतिबद्धता गरेकी छिन् ।

जनता समाजवादी पार्टी जिल्ला समन्वय समिति सप्तरीद्वारा राजबिराजमा शनिबार आयोजित स्वागत, बधाई, सम्मान तथा शुभकामना आदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो प्रतिबद्धता व्यक्त गरेकी हुन् ।

मन्त्री नियुक्त भएपछि पहिलो पटक आफ्नो गृह जिल्ला आएकी यादवले आफुले पाएको कार्यभारलाई ईमान्दारीतापूर्वक बहन गर्ने भन्दै सडकको दुर्दशाका कारण सप्तरीबासीले निकै सास्ती व्यहोर्नु परेको बताइन् ।

उनले राजबिराज सदरमुकाम जोड्ने सबै सडकको अबस्थामा एक महिना भित्र परिवर्तन देख्ने गरि काम गर्ने उल्लेख गर्दै कामको जिम्मेवारी लिएर समयमा काम नगर्ने ठेगेदार कम्पनीलाई कारबाही समेत गर्ने चेतावनी दिईन् ।

जनता समाजवादी पार्टीका कार्यकारणी सदस्य समेत रहेकी मन्त्री यादवले पदलाई भन्दा पहिचान, अधिकार र बिकास तथा सुशासनको लागि लड्ने जसपा पार्टी रहेको जिकिर गर्दै देश निर्माणका निम्ति पार्टीले बिश्वासका साथ दिएको जिम्मेवारीलाई ईमान्दारीपूर्वक पूरा गर्ने प्रतिबद्धता व्यक्त गरिन् ।

जनता समाजवादी पार्टी नेपाल सप्तरीका अध्यक्ष केदार प्रसाद यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा सप्तरी निर्वाचन क्षेत्र नम्बर १ का साँसद डा. सुर्य नारायण यादव, जनता समाजवादी पार्टीका केन्द्रिय सदस्य अनिरुद्ध प्रसाद सिंह यादव, बिनोद चौधरी, चित्तनारायण यादव, भिमराज यादव, शैलेन्द्र मोहन झा, अशोक यादव, प्रदेश नम्बर २ का प्रदेश सभा सदस्य अभिषेक यादवलगायतकाले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

यसैगरी जसपा मधेस प्रदेश समिति सचिव दिनेश कुमार यादव, प्रदेश समिति सदस्यहरु भिम बहादुर तामाङ, सकिल अलि, दिल कुमारी चौधरी, नेता बिकास तिवारी, जिल्ला अध्यक्ष हरेराम यादव, समाजवादी महिला संघ प्रदेश २ का उपाध्यक्ष गिता यादव, सप्तरी अध्यक्ष मिरा यादव, यूवा अध्यक्ष शिवराम यादव, बिद्यार्थी अध्यक्ष संजय यादवलगायतकाले समेत शुभकामना मन्तव्य व्यक्त गरे ।

## सवारी दुर्घटनामा तीनको मृत्यु, दुई घाइते

**राजविराज**/सप्तरीमा शुक्रबार र शनिबार सवारी दुर्घटना हुँदा तीन जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन् ।

जिल्लाको खडक नगरपालिका वडा नं ४ अमहास्थित पुर्बपश्चिम राजमार्गमा शुक्रबार दुई मोटरसाइकल ठोकिदा दुई जनाको मृत्यु भएको छ ।

पश्चिकमबाट पुर्वतर्फ जाँदै गरेको बा.५६प. २५१५ नम्बरको मोटरसाईकल र विपरित दिशाबाट आउँदै गरेको स.५प. ८४३४ नम्बरको मोटरसाईकल एक-आपसमा ठोकिदा बा.५६प. २५१५ नम्बरको मोटरसाईकलमा सवार झापाको शिवसतासी नगरपालिका ६ निवासी २२ बर्षिय विवेक सापकोटा र स.५प. ८४३४ नम्बरको मोटरसाईकलमा सवार झापाकै भद्रपुर नगरपालिका ४ निवासी २१ वर्षिय दयाराम सिंह राजवंशीको मृत्यु भएको हो ।

यता स.५प. ८४३४ नम्बरको मोटरसाईकलमा सवार महोत्तरीको मटिहानी नगरपालिका ७ निवासी ३५ वर्षिय चन्दन कुमार साह गम्भिर घाईते भएका छन् । उनलाई उपचारको लागी बिराटनगरतर्फ

***बाँकी पाँच पृष्ठमा***

**कालो ढुसी (म्यूकरमाइकोसिस) सम्बन्धी जान्नै पर्ने कुरा**

कोभिड-१९ भएका बिरामीमा आँखा, नाक र अनुहार बिगार्ने
कालो ढुसीको संक्रमण नेपालमा अहिले केही मानिसमा पुष्टि भएको छ।
यो संक्रमण विरलै देखिन्छ तर संक्रमण गम्भीर भए प्राणघातक पनि हुनसक्ने
भएकोले समयमा नै ध्यान पुऱ्याउनु आवश्यक छ।

**कालो ढुसीका सामान्य प्रारम्भिक लक्षणहरू**

- अनुहार, मुख, नाक, आँखा वरिपरि दुख्ने
- ज्वरो आउने
- आँखा र नाक सुन्निने, रातो हुने वा दुख्ने
- आँखाको ढकनी सुनिने र ढकनी झुक्ने, आँखाले धमिलो देख्ने
- नाकको वरिपरिको छालाको रंग कालो हुँदै जाने, रगत बग्ने, बाक्लो सिंगान आउने
- दाँत दुख्ने वा हल्लिने

**उच्च जोखिम भएकाहरु**

- कोभिड-१९ उपचारका क्रममा स्टेरोइड प्रयोग गरेका व्यक्तिहरु
- चिकित्सकको सल्लाह बिना एन्टिबायोटिक वा अन्य औषधीको जथाभावी प्रयोग गर्नेहरु
- मधुमेह भएका वा शरीरको रोग प्रतिरोधात्मक क्षमता कमजोर भएकाहरु

**घरमा आइसोलेसनमा बस्दा अपनाउन सकिने रोकथामका उपायहरू**

- सफा र सुरक्षा मास्क प्रयोग गर्ने, डिस्पोजेबल मास्कको पुन: प्रयोग नगर्ने
- नियमित रुपमा हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने
- व्यक्तिगत सरसफाईमा ध्यान दिने
- घर बाहिर वा फोहरमा काम गर्नु परे डिस्पोजेबल पन्जाको प्रयोग गर्ने
- धेरै धुलो भएको र ओसिलो ठाउँमा नजाने
- नुनिलो पानीले नाक सफा गर्ने
- पोभिडोन आयोडिन भएको तरल पदार्थले घाँटी र मुख कुल्ला गर्ने
- मधुमेह भएका बिरामीले सुगर नियन्त्रणमा राख्ने
- स्वास्थ्यकर्मीको सल्लाहमा मात्रै औषधी प्रयोग गर्ने

**यो कोरोना जस्तो एक मानिसबाट अर्को मानिसमा सर्दैन**

**राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी**

## मधेशको मुद्दा लिएर अगाडी बढ्न लोसपालाई सुझाव




**राजविराज**/लोकतान्त्रिक समाजवादी पार्टी नेपाललाई मधेशको मुद्दा लिएर अगाडी बढ्न अयोजित एक कार्यक्रमका सहभागीहरूले सुझाव दिएका छन ।

लोसपा सप्तरी राजगढ गाउपालिकाद्वारा शुक्रबार आयोजित शुभकामना आदान प्रदान तथा सदस्यता बितरण कार्यक्रममा सहभागीहरूले उक्त सुझाव दिएका हुन् ।

कार्यक्रमका प्रमुख अतिथि सांसद चन्द्रकान्त चौधरीले लोसपाप्रति जनताको आकर्षण बढेको बताउदै जसपाबाट अलग भएर नयाँ पार्टी बनाए पनि जनताको समर्थन र झुकाव यसै पार्टीमा रहेको दाबी समेत गरे । उनले पार्टी एउटा उद्देश्यले लिएर अगाडी बढेको बताउँदै भबिश्यमा सोही उद्देश्य अनुसार कार्य गर्ने उल्लेख गरे ।

लोसपाले एउटा उद्देश्य लिएर अगाडी बढेको पार्टी भएकोले मधेशी, आदिवासी, जनजाती, मुश्लिम लगायत सबै उपेक्षित वर्गको पहिचान तथा अधिकारका लागि लडिरहने बताउँदै लोसपाले जनताको मुद्दा लिएर अगाडि बढी रहेकोमा जनताले सन्तोष प्रकट गरिरहेको जिकिर गरे ।

यसैगरी शुक्रवारै राजगढ गाउपालिका वडा २ स्थित बनैनियामा लोसपा केन्द्रीय कार्यकारणी समिति सदस्य पुष्पा ठाकुरले दशैको अवसरमा शुभकामना आदाप्रदानसँगै दर्जनौ

***बाँकी पाँच पृष्ठमा***

## सम्पादकीय

# बालबालिकाको अवस्था बारे बुझौं

राष्ट्रिय बालदिवसका रुपमा मुलुकभर विभिन्न कार्यक्रम गरी मनाईंदै आइन्छ । तर, बालबालिकाको अधिकार र शिक्षाका लागि जतिसुकै पहल गरेपनि त्यो कागमै सीमित भएको देखिन्छ । अहिले पनि बालबालिकाहरु शिक्षाबाट बञ्चित नै छ । कतिपय बालबालिकाहरु सडकमै दिनरात गुजारा गर्न बाधय छन् । यस्तो अवस्थामा सरकारी स्तरबाट खासै पहल भएको देखिन्न् ।

बालअधिकार महासंधिमा उल्लेख भएका अधिकारहरु नेपालमा रहेका बालबालिकाहरुलाई प्रदान गर्नु सरकारको कर्त्तव्य हो । यस क्रममा धेरै जसो अधिकारहरु क्रमशः राज्यले बालबालिकाहरुलाई उपलब्ध गराउँदै आएको छ । तथापि जुन रुप र जुन गतिमा बालबालिकाहरुले आफ्ना अधिकार पाउनु पर्ने हो, त्यसो अहिलेसम्म हुन सरेको छैन । बालकहरुको श्रम शोषण अहिले पनि जारी छ । बालबालिकाहरु कुनै न कुनै रुपमा दुर्व्यवहारका शिकार भइरहेका छन् । जबसम्म बालबालिकाको संसारलाई भयमुक्त र बालमैत्री बनाउन सकिन्न, तबसम्म उनीहरुले आफ्ना अधिकारको उपभोग गर्नबाट वंचित रहन्छन् । बालबालिकाहरुको कुरा सुन्न जरुरी छ किनभने उनीहरु भित्र असिमित प्रतिभा लुकेका हुन्छन् ।

घर-परिवार, समाज, विद्यालय आदि स्थान बालबालिकाले बिना त्रास बस्ने ठाउँ भएपनि यस्ता ठाउँमा उनीहरुसँग दुर्व्यवहार भइरहेको हुन्छ । तसर्थ बालबालिकालाई भविष्यको कर्णधारका रुपमा परिवर्तित गर्न सबै सरोकारवाला निकाय गम्भिर बन्नु आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# नेपाली खाद्य प्रणालीः रूपान्तरण र सुरक्षा

स्वस्थकर आहारका माध्यमबाट निर्मित मानवीय पुंजी देश विकासको आधार हो । देशको सामाजिक तथा आर्थिक विकासमा मानवीय पुंजीको योगदान रहन्छ । खाद्य सुरक्षा राज्यको प्रणालीसँग जोडिन्छ । कुल गार्हस्थ्य उत्पादनको झण्डै २७ प्रतिशत हिस्सा आगट्ने कृषि क्षेत्र जीविकोपार्जन, रोजगारी र आय आर्जनको मुख्य स्रोतका रूपमा रहिआएको छ । देशको ६५ प्रतिशत मानिसको आबद्धता यस क्षेत्रमा छ । परम्परागत ज्ञानमा आधारित कृषि दैनिकीको स्रोतबाट ग्रामीण समुदायका परिवारको सबै खर्च धानिएको छ । यसर्थ नेपालीको मुख्य रोजगारी कृषि हो । खाद्य सुरक्षाको आधार पनि यही हो। कृषिमा निर्भरता, बाली विविधीकरणमा सम्भावना र प्राकृतिकरूपमा पूर्णता रहेको देश नेपाल विश्व भोकमरी सूचकांकमा दयनीय अवस्थामा छ। करिब ३७ लाख मानिस खाद्य असुरक्षाको स्थितिमा छन् । खाद्यान्न आयात उच्च छ । कुपोषण र अन्य मानव स्वास्थ्य सूचकहरूको समेत अवस्था नकारात्मक छ । २०१९ बाट फैलिएको कोरोना महामारीले यसलाई थप नकारात्मक बनाएको छ ।

**नेपाली नीति**

खाद्य सुरक्षालाई लक्षित गरी सन् २०३५ सम्ममा नेपाललाई खाद्यान्नमा आत्मनिर्भर बनाउने लक्ष्यसहित दीर्घकालीन कृषि विकास रणनीति, २०७२ मा उल्लेख गरिएको छ । पन्ध्रौं योजनामा स्वच्छ र पोषणयुक्त खाद्य उपलब्धता तथा पहुँच वृद्धि गर्दै खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने लक्ष्य लिइएको छ । खाद्य असुरक्षा २१ प्रतिशतबाट १० मा झार्ने लक्ष्य राखिएको छ । दिगो विकास लक्ष्यअन्तर्गत भोमकरीको अन्त्य नीति अवलम्बन गर्दै विश्व खाद्य कार्यक्रम, खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, नेपाल बहुक्षेत्रीय पोषण योजनाअन्तर्गतका कार्यक्रम सञ्चालनमा छन् ।

खाद्यसम्बन्धी हक प्रत्येक नागरिकलाई हुने, प्रत्येक नागरिकलाई खाद्य वस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने र प्रत्येक नागरिकलाई कानुनबमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ भनी नेपालको संविधानको धारा ३६ मा उल्लेख छ। संविधानको धारा ५१ मा राज्यका नीतिहरूअन्तर्गत कृषि र भूमि सुधारसम्बन्धी नीति र नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिहरू उल्लेख छन् । जसमा कृषि क्षेत्रको उत्पादकत्व बढाउने र खाद्यान्नको दिगो उत्पादन, आपूर्ति र सञ्चयको व्यवस्था छ । खाद्य ऐन २०२३, उपभोक्ता संरक्षण ऐन २०७५ र खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन २०७५ जस्ता कानुनी दस्तावेज खाद्य सुरक्षासँग सम्बन्धित छन् ।

**अल्मलिँदो थिति**

कानुन र योजनाको व्यावहारिक कार्यान्वयन भएनः कानुन, नीति र योजना कार्यान्वयनका लागि आवश्यक कार्यशील नियामावली र संयन्त्र बन्नै समय लाग्ने गरेको छ । अन्तर्राष्ट्रिय एवं राष्ट्रिय तहमा भएका प्रतिवद्धता एवं निर्मित कानुन र विषयत अभ्यासको स्थानीयकरण हुन सकेन। कार्यशील भइ नतिजा उन्मुख हुनुपर्ने असल प्रतिबद्धतासमेत घोषणा र योजनामा नै सीमित बन्न पुगे ।

उत्पादन कर्ममा पुस्ता हस्तान्तरण भएनः कृषि उत्पादन र खाद्य व्यवस्था परम्परागत काम हो भन्ने नयाँ पुस्ताको बुझाइ छ । खाद्य उत्पादन, प्रविधि र प्रणालीको अध्ययन/अनुसन्धान कमजोर छ । कृषि उत्पादनमा नवीनतम उपाय र किसानको गोजीमा पैसा जाने वातावरण भएन । यसलाई उद्यमशीलताको क्षेत्रका रूपमा विकास गर्न सकिएन । युवा पुस्ता यस पेसामा आकर्षित भएन ।

किसानलाई प्रोत्साहन भएनः कृषि प्रकृतिसँगको पौठेजोरी र यसबाट सफलताको सूचक हो । यसर्थ यो पेसा कठिन छ । कृषिका लागि आधारभूत वस्तुहरूको सहज उपलब्धता छैन । उत्पादनमा प्रेरित गर्ने र कृषिमैत्री वातावरण सिर्जना गर्ने व्यवहारगत तदारुकता छैन । विपत्ति र महामारीमा यस क्षेत्रलाई जोगाउने योजना र कार्यान्वयन पक्ष फितलो छ । उत्पादित वस्तुले मूल्य नपाउने र श्रम खेर जाने स्थिति रह्यो। किसानको पहिचान भएन । पहिचान र वर्गीकरण नगरिँदा खेती गर्ने किसान राज्यको सेवा/सुविधा वञ्चित बन्दै गए। यसले पेसागत पलायनता बढाउँदै लग्यो। उत्पादक र उपभोक्ताबीचको दूरी बढ्दै गएको छ । उत्पादक आफ्नो उत्पादन न्यून मूल्यमा बिक्री गर्न बाध्य छन् । उपभोक्ता महँगोमा किन्ने अवस्थामा पुगेका छन् ।

खराब खाद्य संस्कृतिः खाद्य पदार्थमा पौष्टिकता एवं सन्तुलित खाना भन्दा अजैविक, शीघ्र र स्वादे खाना प्रयोगले गर्दा मानिसको स्वांस्थ्य संकटमा पर्दैछ। देखासिकीका लागि खाना र खानका लागि खानाले गर्दा स्वस्छ खाद्य संस्कृति र स्वास्थ्य दैनिकीमा सङ्कट उत्पन्न भएको छ । खाद्य वस्तुमा भएको पौष्टिकतामा ध्यान एवं खानाको रूपान्तरणमा सिर्जनशीलताको कमीले गर्दा परम्परागत खानामा अरुचि बढ्दै गयो । परम्परादेखि औषधीय गुण रहेका खाद्यान्नसमेत पहिचान भएन ।

खाद्य वस्तुमा वैदेशिक अतिक्रमणः डोकाको होइन डिपार्टमेन्टको साग, आँखालाई राम्रो लाग्ने एवं आकार/प्रकारमा चिटिक्क परेका र टीका लगाइएका फलफूलतिर ध्यान मोडिएको छ। खानामा पनि विदेशी ब्रान्डको मोह र ध्यानले नेपाली उत्पादन विस्थापित हुँदैछ । नेपाली खाद्य पदार्थको महत्व र पहिचान गुम्दैछ । आफ्नो देशको मौलिक उत्पादनमा बाहिरी देशको अधिकार बढ्दैछ ।

उत्पादनका साधनमाथिको असन्तुलित दोहनःमलजल राम्रो हुन नसक्दा र रासायनिक मलको अधिक प्रयोगले गर्दा जग्गाको ऊर्वरा शक्ति ह्रास भएको छ । जग्गाको वर्गीकरणविनाको प्रयोग र असन्तुलित डोजरे विकासले खेतीयोग्य जमिन खुम्चँदो छ ।

**खाद्य सुरक्षा र खाद्य प्रणालीमा सुधार कसरी ?**

- खाद्य सुरक्षा एवं सम्प्रभुता ऐन २०७५ ले व्यवस्था गरेअनुसार स्थानीय तहको नीति कानुनले उत्पादन, भण्डारण, वितरणको उचित व्यवस्थापनको अवस्था सुनिश्चित गर्नुपर्छ । स्थानीय, सांस्कृतिक र दिगो खाद्यान्न उपलब्धताको संरक्षणका लागि नीति निर्माणमा स्थानीय समुदायको अधिकार र पहुँच सुनिश्चित गरिनुपर्छ । यसमार्फत स्थानीय परम्परागत उत्पादन, वनजन्य उत्पादन एवं उपभोग, खाद्य विविधता, प्राकृतिक दिगो खानाको उपलब्धता र न्यायोचित वितरण प्रणालीलाई बढावा दिनु आवश्यक छ ।

-स्थानीय भूगोल, विशेषता, हावापानी र सम्भाव्यताका आधारमा स्थानीय उत्पादन एवं कृषि बन प्रवर्द्धनमा जोड दिइनुपर्छ । यसका लागि समुदायको अधिकार सुनिश्चिततासहितको स्थानीय तहको कृषि ऐन एवं वन ऐन निर्माण, खाद्य सुरक्षा तथा संप्रभुता ऐनको स्थानीयकरण गर्न जरुरी छ । कृषि तथा वन क्षेत्रको योजना तर्जुमा गर्दा कृषि वन, पर्यटन एवं कृषि तथा वन उद्यम प्रवर्द्धनका योजनालाई सम्बोधन गर्न आवश्यक छ ।

-उत्पादकत्वमा सुधार एवं दिगो खाद्य प्रणालीका लागि स्रोतको दिगो उपयोग, जैविक विविधताको संरक्षण, उत्पादक साना किसानहरूमा रहेको विद्यमान परम्परागत ज्ञानको उपयोगलाई बढावा दिइनुपर्छ । स्थानीय र परम्परागत उत्पादनलाई प्राथमिकता दिँदै उद्यमशीलता र सीमान्त समुदाय एवं महिला सशक्तीकरणमा स्रोत परिचालन आवश्यक छ ।

-रैथाने उत्पादन, संरक्षण र प्रबर्द्धनका लागि स्थानीय बीउ, स्वस्थ माटो र जैविक उत्पादन प्रणालीको संरक्षण र दिगो कृषिका असल अभ्यासलाई प्रबर्द्धन गर्नु आवश्यक छ । कृषिलाई औपचारिक क्षेत्रका रूपमा विकास गरी यसलाई नागरिकको खाद्य सुरक्षा एवं सामाजिक सुरक्षासँग जोडिनुपर्छ । यसले घरधुरी स्तरको खाद्यान्न उपभोग प्रणाली, सीमान्त, गरिबलगायत सम्पूर्ण समुदायको खाद्य सुरक्षा र स्वच्छता सुनिश्चित गर्छ ।

- कृषिप्रधान देशको मर्म र कृषिमा योगदान गर्ने किसानको पेसागत अधिकारको सुनिश्चितता तथा अनुदानको प्रभावकारिताका लागि सरोकारवालाहरूसँगको समन्वयमा किसानहरूको पहिचान र वर्गीकरण गरी परिचयपत्र उपलब्ध गराइ सामाजिक सुरक्षाको सुनिश्चितता आवश्यक छ । यसले कृषि पेसाको सम्मान र पेसागत पलायनता रोक्छ । उत्पादकत्व बढाउँछ ।

- उत्पादनका लागि चाहिने प्राकृतिक स्रोतहरूको अत्यधिक दोहन र शोषण नियन्त्रण गरी दिगो, पर्यावरणमैत्री योजनाबद्ध विकासका लागि भूउपयोग योजनाको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ । यसका लागि समुदायको सहभागितामा र तिनै तहका सरकारको समन्वय तथा स्थानीय तहले कार्यान्वयन सुनिश्चित गर्न आवश्यक छ ।

खाद्य प्रणालीको रूपान्तरण र दिगो उपयोगको आधार भनेको कृषि पेसामा लागेका कृषकलाई प्रोत्साहित गर्ने साथै कृषि पर्यावरणीय र दिगो अभ्यास हो। यसले पहिचानसहितको खाद्य संस्कृति, खाद्य गुणस्तरता र उत्पादकत्वमा योगदान गर्छ । यसका लागि कानुनी र नीतिगत स्पष्टता तथा व्यवहारगतरूपमा कार्यशील वातावरणको सुनिश्चितता आवश्यक छ । अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू र राष्ट्रिय तहका नीतिगत व्यवस्थालाई स्थानीयकरण गर्दै तहगत सरकार र सरोकारवालाको समन्वय आवश्यक छ । यसले न्यायोचित खाद्य प्रणाली रूपान्तरणका लागि अन्तर्राष्ट्रिय खाद्य प्रणाली सम्मेलनमा नेपाल सरकारले पेस गरेको प्रतिबद्धता एवं दिगो विकास लक्ष्य प्राप्ति तथा समृद्ध राष्ट्रको आकांक्षा र सुखी नेपालीको सपना पूरा गर्न महत्वपूर्ण योगदान गर्नेछ ।

*नागरिक न्यूजबाट*

# दुई महिना भित्रै राजबिराजको मुहार फेरिने प्रमुख यादवको दाबी

**राजविराज**/राजबिराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादबले दुई महिना भित्रै राजबिराज नगरपालिकाको मुहार फेरिने बताएका छन् ।

राजबिराज नगरपालिका वडा नं. ६ को नवनिर्मित कार्यालय भवनको सोमबार एक कार्यक्रमबीच उद्घाटन गर्दै उनले सो कुरा बताएका हुन् ।

उनले आफ्नो कार्यकालमा धेरै योजनाहरू आएकोले चाडै नै ती योजनाहरू सम्पन्न भई नगरपालिकाको सौन्दर्य नै फेरिने दाबी समेत गर्दै राजबिराज बस पार्क, राजबिराज हटिया लगायत नगरभित्रको रिंग रोडका कार्यहरू दुई महिना भित्रै सम्पन्न हुने जानकारी दिए ।

ठेकेदारको लापरवाहीका कारण राजविराजको अड्डा लाइन, नेता चौकदेखि पश्चिम सिरहा रोड, तेतरी गाछी सडक, तेतरी गाछी-राजदेवी मन्दिर सडक लगायत अधिकांश सडक हिलाम्ये र खाल्डो भएर समस्या उत्पन्न भएको उनले दोष समेत लगाए ।

सडक डिभिजन कार्यालय, हुलाकी सडक आयोजना र सहरी विकास डिभिजन कार्यालय अन्तर्गतका ती सबै कामहरु रहेकाले आफूहरूले केही गर्न नसकेको लाचारी व्यक्त गरे ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालयकम नायव प्रहरी उपरिक्षक माधव प्रसाद काफ्ले, समाजसेवी ई ईन्द्र नारायण देव, महिदेव चौधरी, राजबिराज नगरपालिका भुतपुर्व वडा अध्यक्ष राधेश्याम साह, वडा कार्यालय भवन निर्माण अनुगमन समितिका राधेश्याम साहलगायतले वडा कार्यालयबाट सेवाग्राहीहरूले सहज रूपमा सेवा पाउने बिश्वास ब्यक्त गरे ।

राजबिराज नगरपालिकाको सहयोगमा कुल ५४ लाख ७८ हजार ४ सय ९३ रूपैयाको लागतमा ७ कोठे भवन निर्माण गरिएको ६ नं. वडाका अध्यक्ष प्रेम यादबले जानकारी दिए ।

वडा अध्यक्ष प्रेम यादबको अध्यक्षतामा आयोजित वडा कार्यालय भवन उदघाटन तथा जेष्ठ नागरिक सम्मान कार्यक्रममा वडाका दर्जनौ जेष्ठ नागरिकहरूलाई दोसला ओढाएर सम्मान समेत गरिएको थियो ।

उक्त अवसरमा राजबिराज वडा १४ का सुवालाल मण्डल, राजबिराज वडा १५ रामप्रसाद यादब, राजबिराज वडा १२ का अध्यक्ष हरिहर यादब, राजबिराज ९ का अध्यक्ष शम्भु प्रसाद यादब (लाली), राजबिराज ८ का अध्यक्ष जयनारायण मण्डल, राजबिराज नगरपालिका ईन्जिनियर अशोक दास, लेखापाल जयराम यादब, वडा ६ का सचिव दिनेश प्रसाद यादब, बरिष्ठ पत्रकार गणेशलाल देब, नेपाल पत्रकार महासंघ सहसचिव चन्दन कुमार यादब लगायत वडाका अन्य समाजसेवीहरूलाई समेत गम्छा ओढाएर सम्मान गरिएको थियो ।

# सुरुङ्गा बैज्ञानिक गाउँ चयन

**राजविराज**/सप्तरीको सुरुङ्गा नगरपालिकालाई नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) ले बैज्ञानिक गाउँ कार्यक्रम लागु भएको दाश्रो पालिकाको रुपमा चयन गरेको छ ।

नास्टका वरिष्ठ बैज्ञानिक अधिकृत डा. जयकान्त राउतले यसअघि उक्त कार्यक्रम गोरखा जिल्लाको सिरान चौक गाउँपालिकामा मात्र लागु भएको बताएका छन् ।

बैज्ञानिक गाउँ कार्यक्रमका संयोजक समेत रहेका डा. राउतले यस भेगका किसान र जनप्रतिनिधिले देखाएको चासो र स्थलगत अध्ययनपछि मुलुककै दोश्रो पालिकाको रुपमा सुरुङ्गा नगरपालिकालाई चयन गरिएको बताए ।

कार्यक्रम अन्तरगत स्थानियस्तरमा उत्पादन बृद्धिका लागि च्याउको बिऊ उत्पादन प्रयोगशाला समेत स्थापना गरि गतिविधी सुरु गरिएको छ । उक्त नगरपालिकाको वडा नं. ३ मा स्थापना गरिएको प्रयोगशालामा ९ लाख ८८ हजार ४ सय ६७ रुँपैयाको बैज्ञानिक उपकरण र औजारसमेत जडान गरि काम सुरु गरिएको नाष्टका प्रशासकीय अधिकृत दिलिपकुमार श्रीवास्तवले जानकारी दिए ।

कार्यक्रम पुर्ण संचालनका लागि नास्टले ६० प्रतिशत र सुरुङ्गा नगरपालिकाले ४० प्रतिशत लगानी गर्ने सम्झौता भएको मेयर मुक्तिनाथ चौधरीले जानकारी दिए ।

कार्यक्रममा सहभागि हुने कृषकका लागि नाष्टका प्रशिक्षक सुमन महर्जनको नेतृत्वमा प्रशिक्षण कार्य समेत सुरु गरिएको वडा अध्यक्ष रुद्र बहादुर कार्कीले बताए ।

# पत्रकार महासंघलाई साउण्ड सिस्टम प्रदान

**राजविराज**/नेपाल पत्रकार महासंघ सप्तरी शाखालाई जनज्योती कृषि सहकारी संस्था लिमिटेड राजविराजले सभाहलका लागि साउण्ड सिस्टम प्रदान गरेको छ ।

महासंघद्वारा आयोजित एक कार्यक्रमबीच संस्थाका अध्यक्ष विश्वनाथ मण्डलले सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तरगत संस्थाले उक्त साउण्ड सिस्टम प्रदान जनाए ।

संस्थाका अध्यक्ष मण्डलले महासंघका अध्यक्ष श्रवणकुमार देवलाई माइक र रिमोट प्रदान गरेर साउण्ड सिस्टम हस्तान्तरण गरे ।

कार्यक्रममा बोल्दै संस्थाका अध्यक्ष मण्डलले सहकारी संस्था र संचारकर्मीबीच सुमधुर सम्बन्ध बिस्तार हुने विश्वास व्यक्त गरे ।

महासंघका अध्यक्ष देवले जनज्योती सहकारी संस्थाले महासंघलाई प्रदान गरेको साउण्ड सिस्टमप्रति आभार व्यक्त गर्दै आगामी दिनहरुमा महासंघ र संस्थाबीचको समन्वयकारी भूमिका समेत बिस्तार हुने प्रतिबद्धता व्यक्त गरे ।

# मुख्यसचिव झाद्वारा राजिनामा

**राजविराज**/जनता समाजवादी पार्टी (जसपा) नेपालका प्रदेश २ का मुख्यसचिव शम्भु झाले पार्टीको सम्पूर्ण जिम्मेवारीबाट राजीनामा दिएका छन् ।

सामाजिक सञ्जालमार्फत उनले पार्टीमा काम गर्ने आफ्नो योग्यता र क्षमता नभएकोले आइतबारकै मितिबाट पार्टीको सम्पूर्ण जिम्मेवारीबाट राजीनामा दिएको उल्लेख गरेका छन् ।

उनले “मेरो योग्यता र क्षमता भन्दा ठुलो पद मैले पाएँ । म आफ्नो कार्यकालक प्रदेश अध्यक्ष आदररणीय रेणु यादव र आदरणीय विजय यादव प्रति सँदैव ऋृणी रहिरहने छु । म बाचुन्जेल अन्य कुनै पनि राजनीतिक पार्टीमा जाँदिन ।” भन्दै सामाजिक संजालमार्फत जानकारी दिएका छन् ।

# छुट्टाछुट्टै दुर्घटनामा तीनको मृत्यु

**जलेश्वर**/महोत्तरीको दुई स्थानमा भएको मोटरसाईकल दुर्घटनामा परी एक महिलासहित तीन जनाको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार पूर्व पश्चिम लोकमार्गअन्तर्गत महोत्तरीको बर्दिबास नगरपालिका४ स्थित पञ्चधुरा मन्दिर जाने सडक नजिकै दुईवटा मोटरसाइकल आपसमा ठक्कर खाँदा दुई जनाको मृत्यु भएको हो ।


मृत्यु हुनेमा सर्लाहीको ईश्वरपुर नगरपालिका-१ का २८ वर्षीय विजयकुमार महतो र महतोत्तरीको बर्दिबास नगरपालिका-३ का २७ वर्षीय सुरज तामाङ रहेको प्रहरीले जनाएको छ ।

महतो सवार भई पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको प्रदेश २-०१-००२प ०५९७ नंको मोटरसाइकल गए राति करिब ९ बजे विपरीत दिशाबाट बर्दिबास नगरपालिका-३ का २७ वर्षीय सुरज तामाङ र २२ वर्षीय सोनु सिंह सवार ज.१२ प.२९६१ नंको मोटरसाइकल आपसमा ठक्कर खाएर दुर्घटना हुँदा दुबै जनाको मृत्यु भएको हो ।

महतोको उपचारका क्रममा बर्दिबासको शुभ स्वस्तिक अस्पतालमा र तामाङको उपचारकै क्रममा जनकपुरस्थित रामजानकी अस्पतालमा मृत्यु भएको हो । सोही घटनामा सोनु सिंह गम्भीर घाइते भई बर्दिबासस्थित शुभ स्वस्तिक अस्पतालमा प्राथमिक उपचारपछि जनकपुर लगिएको र थप उपचारका लागि काठमाडौं पठाएको प्रहरीले जनाएको छ ।



छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय सप्तरी



हनुमाननगर कंकालिनी नगरपालिकाको कार्यालय सप्तरी

# स्वास्थ्यमन्त्रीलाई ३० सुझाव: स्वास्थ्य सेवा गरिब जनताको पहुँचमा पुऱ्याइदिनुस्

नेपालको संबिधान-२०७२ जारी भएपश्चात नेपालको समग्र स्वास्थ्य क्षेत्रमा अथाह: सम्भावनाबीच केही चुनौतीको महसुस भइरहेको छ। स्वास्थ्य क्षेत्र नितान्त प्राविधिक, बहुआयामिक, मानव जीवन र सेवासँग प्रत्यक्ष जोडिएकोले आमनागरिकको चासो र उच्च सरोकार हुनु स्वाभाविक हो। यो पनि सत्य हो की, स्वास्थ्य मन्त्रालय एक्लैले 'स्वस्थ राज्य' निर्माण गर्न सक्दैन। यसमा विषयगत सबै निकाय र सरोकारवालाहरुको साझेदारी तथा समन्वय अपरिहार्य छ।

नेपालको संविधान अनुसारको कार्य विस्तृतीकरण तथा जिम्वेवारी बाँडफाड बमोजिम तीनै तहका सरकारका आ-आफ्ना एकल र साझा काम, कर्तव्य र अधिकार छन्। सोहिबमोजिम तीनै तहका सरकार बामे सरिरहेका छन्। कोभिड-१९ संक्रमणको विश्वव्यापी महामारीसँगै अन्य अत्यावश्यक प्राथमिकतालाई समेत थाती राख्दै संक्रमणविरुद्धको लडाइँमा हातेमालो गर्दै घिर्सिदै गरेको यथार्थ हामी माझ छ।

प्रदेश र स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरुलाई जनस्वास्थ्य, यसका आयामहरु तथा महत्व र योजना तर्जुमाबारे बुझाउँदा बुझाउदै नयाँ निर्वाचनसमेत संघारमा आइसकेको छ। अधिकांश सरकारका आफ्ना प्राथमिकता तथा कार्याधिकार भित्रका नीति तथा ऐन बन्न बाँकी नै छन्।

हिजोका दिनदेखि नै केन्द्रदेखि समुदायर अझ तल्लो तहसम्म रहेको स्वास्थ्य संरचना मार्फत परम्परागत प्राकृतिक तथा आयुर्वेदिकलगायतका उपचार विधि चलिआएका छन्। अहिले आधुनिक चिकित्सा, जनस्वास्थ्य विज्ञान र स्वास्थ्यको अन्य बहुक्षेत्रीय आयाम समेतको तादम्यता कायम गर्दै गुणस्तरीय स्वास्थ्य सेवाको सर्वव्यापी पहुँच गराउनु आवश्यक छ। त्यसका लागि तीन तहकै सरकारलाई अवसर र चुनौती छन्।

संघियता कार्यान्वयनको सुरुवाती चरणमै रहेको अवस्थामा कोभिड-१९ संक्रमणले थिचिएको स्वास्थ्य प्रणालीलाई अब पहिलेकै अवस्थामा फर्काउनु पर्नेछ। त्यसैले स्वास्थ्य क्षेत्रमा गर्नुपर्ने प्राथमिकताका काम नवनियुक्त स्वाथ्यमन्त्रीज्यू समक्ष राख्न चाहन्छु-

१. संविधान प्रदत्त नागरिकको स्वास्थ्य अधिकार अनिवार्य सुनिश्चितता हुने गरी नीति तथा कार्यक्रम ल्याउनुपर्ने, वार्षिक नीति तथा कार्यक्रम र बजेट तय हुँदा साबिककैलाई निरन्तरता दिनुभन्दा पनि तथ्यपरक, समयानुकूल र समतामूलक तवरले विनियोजन हुनुपर्ने।

२. कोभिड-१९ महामारीको सिकाइ, भोगाइ तथा हालसम्मको व्यवस्थापकीय अनुभव र ज्ञानलाई व्यवहारमा ल्याउने गरि भोलिका दिनमा अन्य महामारीमा समेत उपयोग हुने प्रकारले स्वास्थ्यजन्य विपद् प्रतिकार्य योजना र सोहि अनुसारको दीगो स्थायी संयन्त्र खडा गरिनुपर्ने।

३. वाह्य मुलुकसँग जोडिएको सीमानाका तथा अन्तर्राष्ट्रिय विमानस्थलमा स्थायी रुपमै स्वास्थ्य हेल्प डेस्क तथा क्वारेन्टिन केन्द्र स्थापना गर्नुपर्ने।

४. चिकित्सा अध्ययन क्षेत्रका सबै शैक्षिक प्रतिष्ठानहरुलाई एउटै छाता ऐनमा ल्याएर योग्यता र दक्षताका आधारमा मात्र उच्च पदाधिकारी नियुक्त र परिचालन गर्ने व्यवस्था गर्ने।बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानको समस्या तत्कालै सुल्झाउनुपर्ने।

५. स्वास्थ्य सेवा जनसाधारणको लागि अत्यावश्यक भएकोले स्वास्थ्य सेवा ऐन-२०५३ द्वारा परिचालित स्वास्थ्य क्षेत्र समयानुसार आवस्यक परिमार्जन गर्दै भोलिका दिनमा छुट्टै स्वास्थ्य सेवा ऐन यथावत नै रहनुपर्ने।

६. स्वास्थ्य क्षेत्र नितान्त प्राविधिक क्षेत्र भएको तथा आपतकालीन अवस्थामा समेत चौबिसै घण्टा परिचालित हुनुपर्ने भएकाले कार्यसम्पादनमा एकरुपता र सहजताका लागि दीर्घकालीन परिकल्पनासहित स्वास्थ्यकर्मी पदपूर्तिको जिम्मेवारी, विज्ञापन, परिचालन, कार्यसम्पादन मुल्यांकन स्तरवृद्धिरबढुवा सबै केन्द्र सरकारबाट मात्र हुँदा थप उत्तरदायी र गुणस्तर कायम राख्न सकिने भएकाले सोही बमोजिम गर्नुपर्ने।

७. संघियता कार्यन्वयनको सुरुवाती चरणसँगै थालनी गरिएको कर्मचारी समायोजन र फाजिल व्यवस्थापन अझै पूरा हुन नसकेकोले न्यायोचित रुपले तत्काल पूर्णता दिनुपर्ने।

८. स्वास्थ्यकर्मीहरुको समायोजन भएपश्चात तीनै तहमा अधिकांश स्वास्थ्यकर्मीको दरबन्दी रिक्त रहेकाले यो विषम परिस्थितिमा तत्कालका लागि सबै तहकालागि संघीय केन्द्रीय लोकसेवा आयोगबाटै 'विशेष बिज्ञापन' गराई विशेषज्ञ एवम् अन्य चिकित्सक तथास्वास्थ्य प्राविधिक पदहरुको पूर्ति तत्काल गरिनुपर्ने। (अधिकांश स्वास्थ्य कार्यालय, अस्पताल तथा अन्य स्वास्थ्य केन्द्रको कार्यालय प्रमुख लगायत अन्य दरबन्दी अनुसार पदहरु लामो समय देखि रिक्त रहेको छ।)

९. संघियताको मर्मअनुरुप तीनै तहका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षणर सहजीकरण तत्काल थालनी गरि संस्थागत विकास र समयानुकूल सेवा विस्तारमा जोड दिनुपर्ने।

१०. सबै प्रदेशमा स्वास्थ्य मन्त्रालय स्थापना गरि स्वास्थ्य सेवाकै सचिवको सुनिस्चितता हुनुपर्ने।

११. हरेक गाउँपालिका र नगरपालिकामा रहने स्वास्थ्य शाखामा कम्तीमा जनस्वास्थ्य अधिकृतको नेतृत्व र अन्य विषयगत स्वास्थ्यकर्मीको समुचित दरबन्दी सुनिश्चित हुने गरि दरबन्दी संरचना परिवर्तन गरिनुपर्ने।



विशाल सुवेदी

१२. सबै तहमा जनस्वास्थ्य कार्यक्रमका औषधि, नि:शुक अत्यावस्यक औषधि तथा स्वास्थ्यजन्य अत्यावस्यक औजार उपकरणहरुको गुणस्तर पहिचान र निगरानीका साथै १२ महिना नै उपलब्ध हुने सुनिश्चितता गर्न केन्द्रीय तहबाट एकमुस्ट खरिद र बिडिङ्ग गर्ने तथा अन्य तहले आवश्यक्ताका आधारमा सोही बमोजिम खरिद गर्ने पद्धतिको थालनी गर्दा लागत प्रभावकारी हुने।

१३. सबै प्रदेशमा रहेका प्रादेशिक जनस्वास्थ्य प्रयोगशालालाई सुदृढीकरण, क्षमता विस्तार तथा चलायमान गराई प्रदे भित्रको स्वास्थ्य विपद्व्यवस्थापनको फोकल पोइन्ट बनाउनुपर्ने।

१४. जिल्ला, प्रदेश र केन्द्रीय अस्पतालहरुको बिध्यमान अवस्थालाई सुध्रिढीकरण गरि दिनानुदिन विशिस्टीकृत सेवा थप गर्दै जानुपर्ने, स्वास्थ्य सेवाका लागि रिफरल सेवालाई व्यवस्थित गरिनुपर्ने, (स्थानीय, जिल्ला, प्रादेशिक तथा केन्द्रीय अस्पतालकालागि समन्वयकारी संयन्त्र निर्माण हुनुपर्ने।)

१५. हालसम्म प्राप्त गरेका स्वास्थ्य क्षेत्रका उपलब्धिहरुलाई संस्थागत गर्दै दीगोपनका लागि जिल्लामा रहेका स्वास्थ्य कार्यालयको भूमिकालाई थप विस्तार गरी तीन तहका सरकारका लागि समन्वयकारी भूमिका निर्वाह गर्दै जिल्लाभर स्वास्थ्य क्षेत्रको प्राविधिक नेतृत्व दिई गुणस्तरीय स्वास्थ्य सेवाका लागि उत्तरदायी गराउने साथै जिल्लाभर स्वास्थ्यकर्मीसमेतको नेतृत्व हुने गरी परिचालन गर्ने

१६. आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने समुदायस्तरका स्वास्थ्य संस्थाको स्तर र प्रकारमा एकरुपता ल्याउनु पर्ने।

१७. स्थानीय सरकारले सेवाको पहुँच विस्तारका लागि आफ्नै पहलमा स्थापना गर्ने र गर्दै आएका स्वास्थ्य संस्थाको गुणस्तर तथा संचालनबारेको निर्देशिका र मापदण्ड जारी गरि मूलधारमा सूचीकृत गर्दै जानुपर्ने।

१८. स्वास्थ्य बीमामा सबै नेपालीलाई अनिवार्य आवद्ध गराई स्वास्थ्यको सर्वव्यापी पहुँच सुनिश्चितता गर्ने। निजी क्षेत्र, शैक्षिक प्रतिष्ठान तथा गैरसरकारी सेवा प्रदायक निकायहरुलाई अनिवार्य स्वास्थ्य बीमा सेवा उपलब्ध गराउन सूचीकृत गराइ परिचालन गर्ने।

१९. जिल्लाका स्वास्थ्य कार्यालयलाई सम्बन्धित जिल्लाको निजी क्षेत्रको तहअनुसारको दर्ता, नवीकरण, नियमनका साथै स्वास्थ्य बीमा सेवा कार्यक्रम संचालन, प्रभावकारिता मूल्यांकन र नियमन गर्ने जिम्मेवारी थप गर्ने।

२०. विषेश प्रकृतिका सेवाग्राही तथा बिरामी तथा तिनको स्वास्थ्य उपचार तथा पहुँचमा सहजता ल्याउनुपर्ने। ( जस्तै, बालबालिका, ज्येष्ठ नागरिक, सिमान्तकृत, अपाङ्गता भएका, कडा क्षयरोग, कडा कुपोषण, एचआईभी संक्रमित आदि।)

२१. राज्य प्रति उत्तरदायी हुनेगरि शैक्षिक प्रतिष्ठान, मेडिकल कलेज तथा अन्य निजी तथा विकास साझेदार गैरसरकारी क्षेत्रलाई स्वास्थ्य सेवाको पहुँच र उपभोग वृद्धि गर्न स्थान र भूगोल विशेष जिम्मेवारी तथा वितरण प्रणाली स्थापना गर्ने।

२२. स्थानीय तहका पुराना स्वास्थ्य संरचनाको भवन निर्माण र मर्मत सम्भार कार्य ठप्प नै छ। यसलाई निरन्तरता दिनुपर्ने साथै भवन निर्माणसंहिताबारे तहगत जिम्मेवारी किटानी गर्नुपर्ने।

२३. नसर्ने रोगको बिध्यमान व्याप्तता अन्त्यका लागी दीर्घकालिन योजना तथा जनताको अपनत्वसहितको कार्यक्रम विकास र विस्तार गर्नुपर्ने।

२४. शहरिया तथा बढ्दो आरामदायी जीवनशैलीलाई निरुत्साहित गरि शारीरिक रुपमा सक्रिय तथा स्वस्थ जीवनयापनका लागि सबै सरकारी कार्यालय तथा कर्मचारीबाटै अनिवार्य विशेष कार्यक्रम सुरुवात गरी आम नागरिकलाई समेत बाध्यकारी संयन्त्र सिर्जना गर्नुपर्ने। समयानुकूल सहरी स्वास्थ्य नीति ल्याउनुपर्ने।

२५. बजार तथा ठूला सहरी क्षेत्रमा रहेका वार्ड स्वास्थ्य संस्थामा आएर सेवा लिने सेवाग्राही न्यून हुने हुँदा त्यस्ता संस्थामा 'जनस्वास्थ्य सेवा परामर्श तथा प्रर्वधन केन्द्र'को रुपमा रुपान्तरित गरिनुपर्ने।

२६. स्थानीय र प्रदेशको स्वास्थ्य क्षेत्रको लागि आवश्यक हुन आउने ऐनरनियमावली हालसम्म पनि प्राय: निर्माण हुन नसकेकोले केन्द्रबाटै मस्यौदा कानुन बनाई सहजीकरणका लागि सबै तह तथा निकायमा पठाउने।

२७. स्वास्थ्य क्षेत्रका पछिल्ला प्राथमिकता तथा सवालहरुलाई विद्यालय तहका पाठ्यक्रममा समयानुकूल समाहित तथा परिमार्जन गर्नका लागि सहजीकरण गर्ने।

२८. किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य र पोषण क्षेत्र सुधारका लागि शिक्षक, अभिभावक तथा विद्यार्थी लक्षित गरि विद्यालय केन्द्रित विशेष कार्यक्रम संचालनर सहजीकरण गर्ने।

२९. स्वास्थ्य क्षेत्रसँग प्रत्यक्ष सरोकार रहने अन्य एजेन्डामा विशेष निगरानी राख्ने। (जस्तै, पेसागत स्वास्थ्य, सडक सुरक्षा, वातावरण प्रदूषण, कृषि तथा खाध्य सुरक्षा, जलवायु परिवर्तन, लैंगिक हिंसा आदि।)

३०. मानव जीवन र सेवासँग जोडिएको स्वास्थ्य क्षेत्रका विविध विषय अध्ययनका लागि विद्यार्थीहरुलाई उत्प्रेरित गराई, अध्ययनपश्चात स्वदेशमैसेवा गर्ने वातावरण सिर्जना गर्ने।

३१. खोज, अध्ययन र अनुसन्धानमा समेतलाई बढवा दिन शैक्षिक प्रतिष्ठान, मेडिकल कलेज तथा विश्वविद्यालयका साथै विद्यार्थीहरुलाई परिचालन, सहायता र उत्प्रेरणा हुने खालका कार्यक्रम गर्ने। स्वास्थ्य खबरबाट




तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# अनलाइन सञ्चारमाध्यमबाट पत्रकार आचारसंहिता उल्लङ्घन बढ्दो

**काठमाडौं**/प्रेस काउन्सील नेपालले पछिल्लो समय अनलाइन र युट्युबका सामग्रीप्रति जनगुनासो बढ्दै गएपछि मुलुकभरका सञ्चारमाध्यमको नियमन गर्दै आएको छ।

सबैभन्दा बढी अनलाइन सञ्चारमाध्यमले पत्रकार आचारसंहिता उल्लङ्घन गरेको देखिएको भन्दै त्यस्ता माध्यमबाट आएका सामग्रीबारे काउन्सिलमा उजुरी बढ्दो छ।

चालु आर्थिक वर्ष २०७८/७९ को पहिलो ३ महिना (साउन, भदौ र असोज) मा काउन्सिलमा ६८ वटा उजुरी दर्ता भएको छ। तीमध्ये अनलाइन मिडियाविरुद्ध ५२, छापामाध्यम विरुद्ध आठ, टिभीविरुद्ध तीन, अनलाइन टिभीविरुद्ध एक, युट्युब मिडियाविरुद्ध तीन र अन्य एक रहेका छन्।

विगत तीन महिनामा रेडियोविरुद्ध भने कुनै उजुरी परेको देखिँदैन। त्यसमध्ये २९ वटा उजुरी फछ्र्यौट भएको र कारबाहीका विभिन्न प्रक्रिया पूरा गर्नुपर्ने हुँदा बाँकी (३९) उजुरी फछ्र्यौटको प्रक्रियामा रहेको काउन्सिलका प्रवक्ता दीपक खनालले जानकारी दिनुभयो। ६८ मध्ये साउन र भदौ महिनामा २९/२९ र असोजमा १० वटा उजुरी परेको देखिन्छ। प्रदेशगत रूपमा अध्ययन गर्दा यस्तो उजुरी वाग्मती प्रदेशबाट ५४, गण्डकी प्रदेशबाट चार, लुम्बिनी र प्रदेश नं १ बाट तीन/तीन, प्रदेश नं २ र सुदूरपश्चिम प्रदेशबाट दुई/दुई तथा कर्णाली प्रदेशबाट एकवटा परेको छ।

काउन्सिलले अनधिकृत तवरले सञ्चालनमा आएका न्युज पोर्टलहरूलाई दर्ता प्रक्रियामा आउन आग्रह गरेको छ। प्रवक्ता खनालले दर्ता बिना सञ्चालित न्युज पोर्टलहरू र युट्युब च्यानलहरूलाई कानुनी दायरामा ल्याउन सञ्चालकलाई आग्रह गर्नुभयो। काउन्सिलले गत जेठको दोस्रो साता यता ७८ वटा न्युज पोर्टललाई दर्ता प्रक्रियामा ल्याउन पत्राचार गरेको छ। प्रवक्ता खनालले भन्नुभयो, "अनधिकृत रूपमा सञ्चालित ती न्युज पोर्टललाई कानुनी दायरामा ल्याउन र पत्रकार आचारसंहिताको पूर्ण पालना गराउनका लागि सचेतसमेत गराएको छ, तीमध्ये नौवटा न्युज पोर्टलले कानुनी प्रक्रिया पूरा गरिसकेका छन् भने आचारसंहिता पालना गर्ने लिखित सम्झौतापश्चात् काउन्सिलमा सूचीकृतसमेत भएका छन्।"

काउन्सिलले पत्रकारिताको व्यावसायिक अभ्यासलाई उच्च पेसागत, मर्यादित, जवाफदेही एवं उत्तरदायी बनाउने उद्देश्यले पत्रकार आचारसंहिता└ -२०७३ जारी गरेको थियो। आचारसंहितामा सार्वभौमसत्ता, राष्ट्रिय एकता र सामाजिक सद्भावमा खलल पुग्ने, भेदभाव हुने गरी र निजी स्वार्थपूर्तिका लागि सूचनाको सम्प्रेषण र हिंसा, आतङ्क, अश्लीलता र अपराधलाई प्रश्रय हुनलगायत पत्रकार र सञ्चारमाध्यमले गर्न नहुने भनी उल्लेख गरिएको छ।

उजुरीकर्ता र सम्बन्धित मिडियाका सञ्चालक/सम्पादक/प्रतिनिधिबीच काउन्सिलको रोहवरमा छलफलमार्फत मेलमिलाप गराउने क्रम जारी राखिएको छ। काउन्सिलले विगत ३ महिनामा ६ वटा त्यस्ता छलफल गराइएकामा एउटालाई मेलमिलाप गराइएको छ। बाँकी पाँचवटा छलफलको प्रक्रियामा रहेका छन्। आचारसंहिताको सीमाभित्र रही सञ्चार सामग्री दिन र स्वस्थ पत्रकारिताको विकासमा सहयोग पुऱ्याउन काउन्सिलले सम्बन्धित सबैमा आग्रहसमेत गरेको छ।

---

## *सवारी दुर्घटनामा ...*

पठाईएको तथा घटना सम्बन्धमा थप अनुसन्धान कार्य भई रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

यस्तै पूर्वपश्चिम राजमार्गअन्तर्गत सप्तरीको शम्भुनाथ नगरपालिकास्थित मिलनचौकमा मोटरसाइकललाई बसले ठक्कर दिँदा सप्तरीको बलान बिहुल गाउँपालिका६ रौतहट बस्ने ४० वर्षीय प्रमोद मण्डल रहेका छन्।

ठक्करबाट शरीरका विभिन्न भागमा चोट लागेर गम्भीर घाइते भएका मण्डललाई विराटनगरस्थित न्युरो अस्पतालमा भर्नाका लागि पठाइए पनि उपचारका क्रममा शनिबार मृत्यु भएको प्रहरीले जनाएको छ।

मृतक मण्डल आफ्नो घरबाट सप्तरीको वीरेन्द्र बजारदेखि उत्तर चुरेजङ्गलमा अवस्थित शनि मन्दिरमा पूजा गर्न जाने क्रममा दुर्घटनामा परेको हो।

त्यस्तै मोटरसाइकल चालक सोही ठाउँ बस्ने ३२ वर्षीय अमरनाथ यादवको पनि दुर्घटनामा परी गम्भीर अवस्था रहेको र उनको लहानस्थित सप्तऋषि अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको स२प ३३३३ नंको मोटरसाइकललाई सोही दिशातर्फ जाँदै गरेको ना५ख ९००० नंको बसले पछाडिबाट मोटरसाइकललाई ठोकिएको थियो।

## *मधेशको मुद्दा ...*

व्यक्तिलाई सदस्यता बितरण गरि पार्टीमा भित्रियाएका छन।

पार्टीका कार्यकारणी सदस्य समेत रहेकी नेतृ ठाकुरले जसपा सत्ताको राजनीतिमा लागि सकेको बताउँदै उसले मधेशको मुद्दालाई बिसर्जन गरेको आरोप समेत लगाइन्।

हरेक बर्गको सम्मान र अधिकार दिलाउन तथा मधेशमा बिकासका लागि महिला सशक्तीकरण अति आबश्यता रहेको उनको भनाई थियो।

लोसपा नेता मुसहरू यादबको अध्यक्षतामा आयोजित कार्यक्रममा लोसपा नेता राजेन्द्र प्रसाद यादब राजाबाबु, लोसपा नेता गजेन्द्र मण्डल, लोसपा सप्तरी अध्यक्ष सुनिल झा, अमरनाथ मण्डल, राजगढ गापा २ का वडा अध्यक्ष ललित नारायण सिँह लगायतले शुभकामना मन्तब्य ब्यक्त गरेका थिए।

यता सोही अवसरमा बनैनिया, नर्घो सहितका विभिन्न पार्टी परित्याग गरी लोसपा पार्टीमा प्रबेष गरेका छन भने नवप्रवेशीहरूलाई संघिय संसद तथा लोसपा केन्द्रीय कार्यकारणी समिति सदस्य चन्द्रकान्त चौधरी तथा केन्द्रिय कार्यकारणी समिति सदस्य पुष्पा ठाकुर लगायतले फुलमाला, अबिर लगाई पार्टीमा स्वागत गरेका थिए।

# अन्तर्राष्ट्रिय समाचार

## बेलायतका एक सांसदको छुरा प्रहार गरी हत्या

**लन्डन**/बेलायतको कन्जर्भेटिभ पार्टीका सांसद सर डेभिड एमेसको शुक्रबार हत्या भएको बताइएको छ। छुरा प्रहार गरेर उहाँको हत्या गरिएको समाचारमा जनाइएको छ।

यस हत्याको घटनालाई प्रहरीले आतंककारी हमला भनेको छ। सांसद डेभिडको उहाँको आफ्नै निर्वाचन क्षेत्रको एक चर्चमा हत्या भएको हो।

उहाँको निर्वाचन क्षेत्र एसेक्सस्थित एक चर्चमा मतदाताहरूसँगको भेटघाटका क्रममा छुरा प्रहार गरिएको थियो। त्यस हत्याको आरोपमा प्रहरीले एक २५ वर्षीय व्यक्तिलाई गिरफ्तार गरिएको जनाएको छ। त्यस स्थलबाट प्रहरीले चक्कु भेटेको जनाएको छ। प्रहरीले यस हत्यामा संलग्नलाई पक्राउ गरिएको जनाएको छ र अनुसन्धान जारी रहेको बताएको छ।

यस हत्याको घटनाको अनुसन्धान गरिरहेको प्रहरीले टोलीले यसमा आतंकवादीको हात रहेको प्रारम्भिक अनुसन्धानमा देखिएको बताएको छ। बेलायतका प्रधानमन्त्री बोरिस जोन्सनले एक राम्रा राजनीतिज्ञ गुमाउनु परेको भन्दै त्यस दुःखद निधनप्रति शोक व्यक्त गर्नुभएको छ।

सांसद डेभिड ६९ वर्षका हुनुहुन्थ्यो। उहाँ सन् १९८३ देखि सांसद रहनुभएको थियो। सांसद डेभिड आफ्नो निर्वाचन क्षेत्रमा मतदाताहरूसँग भेटघाट कार्यक्रममा रहेका बेला हत्या भएको बताइएको छ। एजेन्सी

## अफगानिस्तानको कान्दाहारमा भएको हमलामा ३२ को मृत्यु, ६८ जना घाइते

**काबुल**/अफगानिस्तानको कान्दाहार शहरमा रहेको एउटा मस्जिदमा शुक्रबार भएको बम विस्फोटमा परी ज्यान जानेको संख्या ३२ पुगेको छ।

सिया मुस्लिम समुदायका नागरिकको सो मस्जिदमा शुक्रबारको प्रार्थनाका बेलामा सो विस्फोट भएको थियो। शुक्रबार अपराह्न एकै पटक तीन वटा विस्फोट भएको थियो।

विस्फोटमा परेर कम्तीमा ३२ जनाको ज्यान गएको छ भने अरु कम्तीमा पनि ६८ जना घाइते भएका छन्। उक्त मस्जिदका झ्यालका सिसाहरू फुटेको र शवहरू भुइँमा देखिएका तस्बिरहरु सञ्चारमाध्यमहरुले दिएका छन्।

तीनजना हमलाकारीले आक्रमण गरेको प्रत्यक्षदर्शीहरूले एक स्थानीय पत्रकारलाई बताएका छन्। प्रत्यक्षदर्शीका अनुसार एकजना आक्रमणकारीले सो मस्जिदको प्रवेशद्वारमा विस्फोट गराएको हो।

अरु दुई जना भने मस्जिदको भित्रै प्रवेश गरेर आक्रममण गरेका थिए। त्यस समयमा सो मस्जिदमा शुक्रबारको प्रार्थना भइरहेको थियो। शुक्रवारको साप्ताहिक प्रार्थना भएकाले मस्जिद पूरै भरिभराउ रहेको थियो। सोही मौका छोपेर यस्तो हमला गराइएको अनुमान गरिएको छ।

तालिबानका सशस्त्र लडाकूहरुले पनि घटनास्थलमा सुरक्षा दिइरहेको बताएको छ। साथै यहाँका मस्जिदमा हिंसात्मक हमला हुने गरेकाले सुरक्षाकर्मीहरुले पनि मस्जिदमा सुरक्षा दिइरहेको बताइएको थियो। एजेन्सी

## काबुल हमलाको सुरक्षा परिषद र पाकिस्तानद्धारा निन्दा

**इस्लामावाद**/अफगानिस्तानको कान्दाहार शहरमा रहेको एक मस्जिदमा शुक्रबार भएको बम विस्फोटको पाकिस्तानले कडा शब्दमा निन्दा गरेको छ।

पाकिस्तानको विदेश मन्त्रालयले शुक्रबार साँझ नै एक विज्ञप्ति प्रकाशन गरी सो हमलाको निन्दा गरेको हो। नागरिकले आफ्नो धार्मिक आस्था व्यक्त गर्ने मस्जिद जस्तो स्थानमा गएर उनीहरुको हत्या गर्नु एक प्रकारको जघन्य अपराध भएको सो विज्ञप्तिमा जनाइएको छ।

शुक्रबार अफगानिस्तानको कान्दाहारस्थित सिया मुस्लिम समुदायका नागरिकको उक्त मस्जिदमा प्रार्थनाका बेलामा भएको सो विस्फोटमा परी ३२ जनाको ज्यान गएको बताइएको छ।

शुक्रबार अपराह्न एकै पटक तीन वटा विस्फोट भएको र ती विस्फोटमा परेर कम्तीमा ३२ जनाको ज्यान गएको तथा भने अरु कम्तीमा पनि ६८ जना घाइते भएका अफगानिस्तानको सुरक्षा निकायले जनएको छ।

साथै सो हिंसात्मक हमलाको संयुक्त राष्ट्रसंघको सुरक्षा परिषदले पनि निन्दा गरेको छ। सुरक्षा परिषदको शुक्रबारको बैठकले सो हमलाको निन्दा गर्दै यस्ता जघन्य अपराधमा संलग्नहरुलाई कडा भन्दा कडा कारबाही गर्न पनि माग गरेको छ।

शुक्रबार तीनजना हमलाकारीले आक्रमण गरेको प्रत्यक्षदर्शीहरूले बताएका छन्। प्रत्यक्षदर्शीका अनुसार एकजना आक्रमणकारीले सो मस्जिदको प्रवेशद्वारमा विस्फोट गराएको र अरु जना भने मस्जिदको भित्रै प्रवेश गरेर आक्रममण गरेका थिए।

त्यस समयमा सो मस्जिदमा शुक्रबारको प्रार्थना भइरहेकाले गर्दा धेरै नागरिको ज्यान गएको बताइएको थियो। एजेन्सी


**खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध**

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# सात सय ४४ राँगाको बलि प्रदान

**राजविराज**/सप्तरीको भारदहस्थित कंकालिनी भगवती मन्दिरमा यस पटकको दशैंमा सात सय ४४ वटा राँगाको बलि प्रदान भएको छ ।

नेपालकै प्रसिद्ध कंकालिनी भगवती शक्तिपीठमा महानमवीका दिन बिहीबार सात सय ४४ राँगाको बलि प्रदान गरिएको मन्दिर विकास समितिले जनाएको छ ।

गत वर्ष कोरोना महामारीका कारण राँगा बलिमा कमी आएपनि यसवर्ष भने बढी नै बलि प्रदान गरिएको जनाइएको छ । मन्दिर विकास समितिको निर्णयअनुसार गोलाप्रथाद्धारा सबैभन्दा पहिला सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका- १ भलुवा निवासी जगदिश यादवको राँगा बलि प्रदान गरिएको थियो ।

बिहीबार बिहान ११ बजेर ३० मिनेटबाट सुरु भएको बलि साँझ ८ बजे सम्पन्न भएको थियो । कंकालिनी भगवती मन्दिरमा घटस्थापनादेखि महानमवी सम्म करिब २० हजारको हाराहरीमा खसीबोकाको बलि दिइएको थियो ।

गत वर्ष कंकालिनी भगवती मन्दिरमा तीन.सय ८५ वटा राँगा र हजारौंको संख्यामा खसीबोको बलि दिइएको थियो । अघिल्ला वर्षमा कोरोनाको महामारीका कारण नेपाल-भारत सीमा नाका बन्द हुँदा त्यहाँका भक्तजनहरू आउन नसकेकाले यस पटक धेरै भक्तजनहरू आएका थिए ।

गत वर्ष सप्तरी जिल्लासहित देशैभरि कोरोना माहामारीको प्रभाव परेको थियो । कोरोनाका कारण दशैंमा जिल्लाको कंकालिनी भगवती र छिन्नमस्ता भगवतीसहित विभिन्न ठाउँमा मेला समेत लागेको थिएन ।

कंकालिनी मन्दिरमा बडादशैंको महानवीमीका दिन ठूलो मेला पनि लाग्ने गर्दछ । यस वर्ष कोभिड महामारीको कमीले गर्दा नेपाल-भारत सीमा नाका खुल्ला भएका कारण मेला भर्न हजारौं मानिस अएका थिए ।

नेपालको सप्तरी जिल्लासहित सिरहा, धनुषा, उदायपुर, सुनसरी, मोरङ, झापा र छिमेकी राष्ट्र भारतको बिहार राज्यको सुपोल, मधुवनी अररिया लगायतका ठाउँबाट यहाँ दर्शनार्थीहरू आउने गरेका छन् ।

त्यस्तै सप्तरीकै प्रसिद्ध छिन्नमस्ता भवती मन्दिरमा पनि घटस्थापनादेखि महानमवीसम्ममा करिब २० हजारको हाराहारीमा खसी बोकाको बलि दिइएको छ । त्यहाँ पनि घटस्थापनादेखि महानवमीसम्म मेला लागेको थियो ।

आफ्नो मनोकामना एवं भाकल पूरा भएपछि नेपालको विभिन्न जिल्ला र छिमेकी राष्ट्र भारतको बिहार राज्य अन्तर्गतका विभिन्न जिल्लाबाट पनि राँगाको बलि चढाउन भक्तजनहरू आएका पण्डित मिरकुञ्जय झाले बताए ।

# छात्रालाई प्लस टू पढ्ने सम्पूर्ण खर्च नगरपालिकाले व्यहोर्ने

**राजविराज**/सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका नगरभित्र एसइई उत्तीर्ण गरेकी छात्रालाई प्लस टू पढ्ने र प्लस टूमा लाग्ने खर्च नगरपालिकाले व्यहोर्ने भएको छ ।

नगरप्रमुख शैलेश साहका अनुसार एसइई उत्तीर्ण गरेपछि माथिल्लो तहको शिक्षा ग्रहण गर्ने छात्राको सङ्ख्या अत्यन्त न्यून देखिएकाले उनीहरूलाई उच्च शिक्षामा पहुँच बढाउन नगर सभाले निर्णय गरेर यस बर्षदेखि कार्यान्वयनमा ल्याइएको हो ।

शिक्षित समाज स्थापनाका लागि एसइई उत्तीर्ण गरेकी छात्रालाई प्लस टू पढाइने योजना नगरपालिकाले ल्याएको र कक्षा ११ मा भर्ना हुने छात्राको रजिष्ट्रेसन शुल्क, परीक्षा शुल्क र मासिक शुल्कसमेत नगरपालिकाले नै व्यहोर्ने उनले बताए ।

यसैगरी दलित छात्र तथा छात्रालाई सिटिइभिटी अन्तर्गतका कलेजमा पढ्न लाग्ने खर्चको ५० प्रतिशत नगरपालिकाले व्यहोर्ने नगर प्रमुख साहको भनाई छ ।

# माइक्रोबस र मोटरसाइकल ठोकिँदा एकको मृत्यु

**राजविराज**/सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका-८ खाँडो नजिक बुधबार माइक्रोबस र मोटरसाइकल एक आपसमा ठोकिँदा एक जनाको मृत्यु भएको छ ।

राजविराज-हनुमानगर सडक खण्ड अर्न्तगत राजविराजबाट विराटनगर जादै गरेको ना १ ज ७४१८ नम्बरको माइक्रोबसले विपरित दिशाबाट आइरहेको स २ प ३४८९ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो ।

ठक्करबाट मोटरसाइकलको पछाडि सवार हनुमाननगर कङ्कालिनि नगरपालिका-१० बस्ने १६ वर्षका संम्रिधकुमार सिंहको मृत्यु भएको प्रहरीले जनाएको छ । ठक्करबाट गम्भिर घाइते उनलाई उपचारको लागि विराटनगरतर्फ लाने क्रममा बाटोमा नै मृत्यु भएको प्रहरीले जनाएको छ ।

यस्तै मोटरसाइकल चालक सप्तरीको हनुमाननगर कङ्कालिनि नगरपालिका-१० बस्ने २२ वर्षको अरविन खड्ग घाइते भएका छन् । उनको राजविराजस्थित गजेन्द्र नारायण सिँ अस्पतालामा उपचार भइरहेको छ ।

यता मोटरसाइकल र माईक्रोबसलाई प्रहरीले नियन्त्रणमा लिएको र घट्ना सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# नुहाउने क्रममा कोशीमा डुबेर किशोरीको मृत्यु

**राजविराज**/सप्तरी हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १२मा कोशी नदीमा नुहाउने क्रममा डुबेर एक किशोरीको मृत्यु भएको छ ।

स्थानिय धिरेन्द्र देवको १८ वर्षिया छोरी प्रियंका कुमारी देवको कोशी नदिमा नुहाउने क्रममा डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

नदीमा डुबी रहेको अवस्थामा स्थानिय मानिसहरुले देखेपछि उनीहरुले नदीबाट बाहिर निकाली उपचारको लागी राजबिराजतर्फ पठाएको थिए ।

उपचारकै क्रममा गजेन्द्र नारायण सिह अस्पताल राजबिराजमा उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।











देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit · CITY EXPRESS Money Transfer · Best Remit Quick & Easy · Prabhu Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money


प्रकाशक : श्रीमती सुमित्रा गुप्ता, सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सह-सम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), लेआउट : संजय शेखर,
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : saptahiknavin@gmail.com, वेबसाइट : rajbirajdainik.com.np